जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४१ अंक ९ २०७९ साल असोज ९ गते आइतवार (25 Sep 2022 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – पृष्ठ २ मा : लोसपा र जनमत पार्टीद्वारा ... पृष्ठ ३ मा : सरकारकै बेवास्ताका कारण ... पृष्ठ ४ मा : गर्भवती र सुत्केरी स्याहारमा ... पृष्ठ ५ मा : संविधान दिवसको अवसरमा ...

# सप्तरीमा ४ लाख १८ हजार ३ सय ७४ मतदाता कायम

**राजविराज**/सप्तरीमा ४ लाख १८ हजार ३ सय ७४ मतदाता भएका छन् । जिल्ला निर्वाचन कार्यालय सप्तरीका अनुसार जिल्लामा २ लाख १७ हजार २ सय ८२ पुरुष, २ लाख १ हजार ७१ महिला र २१ जना अन्य गरि ४ लाख १८ हजार ३ सय ७४ मतदाता कायम भएको हो ।

जिल्लाका १८ वटै स्थानिय तह मध्ये सबै भन्दा बढी राजविराज नगरपालिकामा २१ हजार ६ सय ८० पुरुष, १९ हजार ४ महिला र २ अन्य गरि ४० हजार ६ सय ८६ तथा सबै भन्दा कम बलान बिहुल गाउँपालिकामा ७ हजार ६ सय ८९ पुरुष, ६ हजार ८ सय ९ महिला गरि १४ हजार ४ सय ९८ मतदाता रहेका छन् ।

यसैगरि अग्निसाइर कृष्णासवरण गाउँपालिकामा ९ हजार ३ सय ३५ पुरुष, ९ हजार ५ सय ५२ महिला र ४ अन्य गरि १८ हजार ८ सय ९१, कंचनरुप नगरपालिकामा १८ हजार २ सय ९४ पुरुष, १७ हजार ८ सय ३६ महिला र ४ अन्य गरि ३६ हजार १ सय ३४, खडक नगरपालिकामा १५ हजार ८ सय ३६ पुरुष, १६ हजार १ सय ५७ महिला र ४ अन्य गरि ३१ हजार ९ सय ९७, छिन्नमस्ता गाउँपालिकामा ९ हजार ६ सय ८५ पुरुष, ८ हजार २ सय ३३ महिला गरि १७ हजार ९ सय १८, डाक्नेश्वरी नगरपालिकामा १५ हजार १ सय ८९ पुरुष, १३ हजार ५ सय २८ महिला गरि २८ हजार ७ सय १७ तथा तिरहुत गाउँपालिकामा ७ हजार ७ सय ९७ पुरुष, ६ हजार ९ सय ७४ महिला गरि १४ हजार ७ सय ७१ मतदाता रहेका छन् ।

यस्तै तिलाठी कोइलाडी गाउँपालिकामा १० हजार ६ सय ४३ पुरुष, ९ हजार १ सय २५ महिला गरि १९ हजार ७ सय ६८, बोदेबरसाइन नगरपालिकामा १४ हजार ९ सय ५३ पुरुष, १३ हजार ७ सय ५२ महिला गरि २८ हजार ७ सय ५, महादेवा गाउँपालिकामा ९ हजार २९ पुरुष, ७ हजार ९ सय ९३ महिला गरि १७ हजार २२, राजगढ गाउँपालिकामा ९ हजार ९ सय ६४ पुरुष, ८ हजार ६ सय ६४ महिला गरि १८ हजार ६ सय २८, रुपनी गाउँपालिकामा ९ हजार ५ सय ७७ पुरुष, ८ हजार ७ सय ९ महिला र एक अन्य गरि १८ हजार २ सय ८७, विष्णुपुर गाउँपालिकामा ८ हजार १ सय २० पुरुष, ७ हजार २७ महिला र एक अन्य गरि १५ हजार १ सय ४८ मतदाता रहेका छन् ।

त्यस्तै शम्भुनाथ नगरपालिकामा ११ हजार ९ सय ८६ पुरुष, १२ हजार १ सय २२ महिला र ४ अन्य गरि २४ हजार १ सय १२, सप्तकोशी नगरपालिकामा ७ हजार ६ सय ८९ पुरुष, ७ हजार ७ सय ६५ महिला गरि १५ हजार ४ सय ५४, सुरुङ्गा नगरपालिकामा १४ हजार ७ सय २ पुरुष, १४ हजार ९ सय ९० महिला र एक अन्य गरि २९ हजार ६ सय ९३ र हनुमाननगर कंकालिनी नगरपालिकामा १५ हजार १ सय १४ पुरुष, १२ हजार ८ सय ३१ महिला गरि २७ हजार ९ सय ४५ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

## मंगलमय शुभकामना

हिन्दुहरुको महान चाड वडा दशैं, दिपावली तथा छठ पर्व २०७९ को शुभ उपलक्ष्यमा सम्पूर्ण ग्राहक, पाठक, शुभचिन्तक एवं बिज्ञापनदाताहरुमा सुस्वास्थ्य एवं दिर्घायुको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



नवीन साप्ताहिक

परिवार

# म्यादी प्रहरीका लागि मधेश प्रदेशमा ६६ हजार ८ सय ८४ जनाको आवेदन

**राजविराज**/आगामी मंसिर ४ गते हुने प्रतिनिधि र प्रदेश सभा सदस्य निर्वाचनका लागि म्यादी प्रहरीमा भर्नाका लागि सप्तरीबाट ८ हजार ९ सय ६० जनाले आवेदन दिएका छन् ।

भदौ ३१ देखी असोज ६ गतेसम्म आवेदन लिने समय तोकिएकोमा १ हजार ६ सय २३ महिला र ७ हजार ३ सय ३७ पुरुषले आवेदन दिएका छन् ।

यस्तै मधेश प्रदेशको ८ वटै जिल्लामा ११ हजार ८ सय २७ महिला र ५५ हजार ५७ पुरुष गरि ६६ हजार ८ सय ८४ जनाको आवेदन परेको छ ।

मधेश प्रदेश प्रहरी जनकपुरधामका अनुसार सिरहा जिल्लाबाट १ हजार २ सय ९९ महिला र ५ हजार ५ सय २० पुरुष गरि ६ हजार ८ सय १९, धनुषाबाट १ हजार १ सय २५ महिला र ६ हजार ७ सय ९ पुरुष गरि ७ हजार ८ सय ३४, महोत्तरीबाट १ हजार ३ सय ३३ महिला र ५ हजार ९ सय ३९ गरि ७ हजार ३ सय २, सर्लाहीबाट १ हजार ५ सय ७० महिला र ७ हजार ९३ पुरुष गरि ८ हजार ६ सय ६३ जना पुरुषले आवेदन परेको छ ।

यस्तै रौतहटबाट १ हजार १ सय ६३ महिला र ७ हजार ४ सय २० पुरुष गरि ८ हजार ५ सय ८३, बाराबाट २ हजार ४ सय ६६ महिला र ८ हजार ९ सय ३९ पुरुष गरि ११ हजार ४ सय ५ तथा पर्साबाट १ हजार २ सय ४८ महिला र ६ हजार ७० पुरुष गरि ७ हजार ३ सय १८ जनाले म्यादीका लागि आवेदन दिएको जनाइएको छ ।

सरकारले मंसिर ४ गतेको निर्वाचनका लागि एक लाख १५ हजार म्यादी प्रहरी भर्ना गर्नका लागि भदौ ३० देखी असोज ६ गतेसम्म आवेदन दिन समय तोकेको थियो ।

गृह मन्त्रालयले स्वीकृत गरेको म्यादी प्रहरीको 'भर्ना छनोट, नियुक्ति तथा परिचालनसम्बन्धी मापदण्ड-२०७९' अनुसार १८ वर्ष पूरा भई ५४ वर्ष उमेर ननाघेका व्यक्तिले दरखास्त दिन पाउनेछन् । छनोट भएकालाई असोज ३० देखि कात्तिक ८ सम्म तालिम गराएर कात्तिक ९ बाट परिचालन गरिनेछ । म्यादीले ४० दिनको तलब/भत्ता, खाजा खर्चलगायत एकमुष्ट ५० हजार १ सय ६० रुपैयाँ पाउनेछन् ।

## भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**

**फोन नं. ०३१-५२१४७८**

**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

### शाकाहारी भोजन गरेर चाडपर्व मनाउन सुरुवातमा थालौं

हिन्दूहरुको महान पर्व वडा दशैंमा भोलीदेखी सुरु हुँदै छ । मुलुकको आर्थिक स्थिति र व्यक्तिको खर्च गर्ने हैसियतमै सीमित भएर पर्व मनाउनु वेश हुन्छ । दशैंमा बलि प्रदान गर्नका लागि महगो मुल्यमा खसी बोका खरीद गरेर बलि दिने प्रचनलनले झनै आर्थिक भार बढाउने गर्दछ । मीठो खाने र नयाँ लगाउने पर्वका रुपमा दशैंलाई लिएर आफ्नो आर्थिक हैसियतभन्दा बढी खर्च गर्ने परम्परा बन्दै गएको छ ।

गरीब जनताले जेनतेन ऋण काढेर भए पनि दशैं मान्नुपर्ने बाध्यता छ । यसले गरीब नेपाली जनता झनै मारमा पर्दै गएका छन् । घटस्थापनाकै दिन जमरा छर्की देवीलाई आव्हान गरेर फलफूल, नैवेद्य, मिठाई चढाएर सात्विक पूजा गरिन्छ । राजसी पूजामा पशुबलि चढाईन्छ र तामसी पूजामा रक्सी र बलि दुवै चढाइन्छ । दशैंमा पशुबली होइन स्मार्तको बली प्रदान गरेर पूजा गर्ने बानी बसालौं । घिरौला, कुभिन्डो, लौका, नरीवल, बेल र उखुको प्रयोग गरी स्मार्त बलिद्वारा दशैंघर दैलोमा हुल्ने प्रणको आवश्यकता छ । विविध धार्मिक कार्यमा पितृ र देवताले प्राप्त गरुन भनेर फल, पकवान, मिष्ठान र वस्त्र चढाउने चलन छ । त्यसलाई पनि बलि भनिन्छ । शक्ति संगमतन्त्रे ग्रन्थमा पशु बलिको सट्टा अर्पण गरिने फलफूल र पकवानको उल्लेख छ ।

तसर्थ चाड पर्वको बेला शाकाहारी भोजन गरेर मनाउनेतर्फ ध्यान दिन सकिए आर्थिक भार पनि कम हुने विश्वास गर्न सकिन्छ । तसर्थ पूजालाई श्रद्धाका साथ मनाऔं, तामझाम गरेर देखावटी पूजाको अन्त्य गरीनु आवश्यक छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# लोसपा र जनमत पार्टीद्वारा राष्ट्रपति बिरुद्ध प्रदर्शन






**राजविराज**/संघीय संसद्का दुवै सदन प्रतिनिधिसभा र राष्ट्रियसभाले दुईपटक पारित गरेको नेपाल नागरिकता ऐन, २०६३ लाई राष्ट्रपतिले प्रमाणिकरण नगरेको भन्दै लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) सप्तरी र जनमत पार्टी सप्तरीले छुट्टाछुट्टै बिरोध प्रदर्शन गरेको छ ।

लोसपा सप्तरीको पार्टी कार्यालयबाट बुधबार निस्केको प्रदर्शनमा राष्ट्रपति बिरुद्ध चर्को नाराबाजी गर्दै राजिनामा माग गरिएको थियो ।

बिरोध प्रदर्शन नगरक्षेत्रको परिक्रमा गरि दशन चौकमा पुगेर राष्ट्रपतिको पुतला दशन गर्न खोज्दा केही बेर लासेपा नेता कार्यकर्ता र प्रहरीबीच घम्साधम्सी परेको थियो ।

लोसपाका जिल्ला उपाध्यक्ष बौवालाल शर्माको अध्यक्षतमा आयोजित सभामा केन्द्रिय नेता दिपेन्द्र चौधरी, राजविराज नगरपालिकाका पूर्वप्रमुख शम्भुप्रसाद यादव, उपाध्यक्ष राजेन्द्र प्रसाद दास, जिल्ला सचिव बिजय राय, सहसचिवद्वय जयनारायण यादव, रन्जु साह, कोषाध्यक्ष मनोज झा, महेन्द्र खंग लगायतका नेताहरुले दुबै संसदबाट बहुमतले पारित नागरिकता विधेयक राष्ट्रपतिले प्रमाणिकरण नगरेर मधेशी जनतामाथी कुठाराघात गरेको आरोप लगाएका छन् ।

यसैगरि नागरिकता विधेयक प्रमाणीकरण नगरेको भन्दै जनमत पार्टी सप्तरीले शुक्रबार राजविराजमा राष्ट्रपति विद्यादेवी भण्डारी विरुद्ध प्रदर्शन गरेको छ । बालमन्दिरबाट निस्किएको जनमत पार्टीको ऱ्यालीमा सहभागी नेताकार्यकर्ताहरुले राष्ट्रपति भण्डारी विरुद्ध चर्का नाराबाजी लगाउँदै प्रदर्शन गरेका हुन् ।

जनमत पार्टी सप्तरीका ईन्चार्ज ममता झाको नेतृत्वमा रहेको नेताकार्यकर्ताले राष्ट्रपति भण्डारी विरुद्ध चर्को नारावाजी गर्दै पुतला दहन गरे ।

कोणसभालाई सम्बोधन गर्दै नेताहरुले राष्ट्रपतिको राजिनामा माग गर्दै नागरिकता बिधेयक प्रमाणीकरण नगरे थप सशक्त आन्दोलन गर्ने चेतावनी दिए । कार्यक्रममा जनमत पार्टीका केन्द्रिय सदस्य सुरेन्द्र मधेशी, जिल्ला ईन्जार्ज ममता झा, जिल्ला अध्यक्ष चन्देश्वर मण्डल लगायतकाले सम्बोधन गरेका थिए ।

# भन्सार छलेका मोटरसाइकल तथा किरानाका सामानहरु बरामद

**राजविराज**/भन्सार छलेर ल्याइएको मोटरसाइकलसहित एक यूवकलाई प्रहरीले पक्राउ गरेको छ ।

केटिएम लेखी एम९३६४८४२५ अनटेष्ट मोटरसाइकल चलाइरहेका सप्तरीको खडक नगरपालिका वडा न. ७ निवासी दिपक कुमार यादवलाई प्रहरीले मोटरसाइकलसहित पक्राउ गरेको हो ।

प्रहरीका अनुसार भदौं १५ गते शंका लागि अनुसन्धान गर्दा मोटरसाईकलको आवश्यक कागजातहरु समेत फेला नपरेकोले मोटरसाइकल भन्सार छली चोरी निकासी गरी ल्याएको आधारमा नियन्त्रणमा लिएको हो ।

उक्त मोटरसाईकल र यादव दुबैलाई आवश्यक कारवाहीको लागी राजबिराज भंसार कार्यालय तिलाठी पठाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै प्रहरीले भन्सार छलेर भारतबाट नेपाल ल्याउँदै गरेको विभिन्न किरानाका सामान, लत्ताकपडा तथा जुत्ता चप्पलहरु सप्तरी प्रहरीले बरामद गरेको छ ।

राजबिराज नगरपालिका वडा ५ मा भारतबाट भन्सार छली ल्याएका एक लाख पाँच हजार मुल्य बराबरको किरानाका सामानहरु बरामद गरेको छ ।

यसैगरि प्रहरीले जिल्लाको बिष्णुपुर गाउँपालिका २ स्थितमा भारतबाट भन्सार छली ल्याएका एक लाख ६ हजार मुल्य बराबरको लत्ताकपडाहरु बरामद गरेको छ ।

यसैगरि प्रहरीले सोमबारै जिल्लाकै खडक नगरपालिका ८ स्थितमा भारतबाट भन्सार छली ल्याएका ७४ हजार एक सय मुल्य बराबरको जुत्ता चप्पलहरु बरामद गरेको छ ।

प्रहरीले तीनै स्थानबाट बरामद गरेको सामानहरु कारवाहीका लागी राजबिराज भन्सार कार्यालय तिलाठी पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# ७४ जना संक्रमित, एकको निधन

**काठमाडौं**/स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शनिबार नियमित बुलेटिन प्रकाशित गर्दै ७४ जनामा कोरोना भाइरसको संक्रमण देखिएको भन्दै एक जनाको संक्रमणका कारणले निधन भएको जनाएको छ ।

यस्तै चार हजार एक सय २६ जनाको परीक्षण गर्दा ७४ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको उल्लेख छ । एक सय १६ जना कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई घर फर्किएका छन् । निको हुने प्रतिशत ९८.७ प्रतिशत रहेको छ ।

मन्त्रालयका अनुसार अहिलेसम्म संक्रमणका कारणले १२ हजार १७ जनाको निधन भइसकेको छ । सक्रिय संक्रमितको संख्या एक हजार दुई सय ८३ पुगेको छ ।

पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला काठमाडौं रहेको छ । यस्तै १५ जिल्लामा संक्रमित संख्या शून्य रहेको छ ।


हार्दिक मंगलमय शुभकामना




२०७९ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

# सरकारकै बेवास्ताका कारण बढ्यो डेंगुको प्रकोप

**माया श्रेष्ठ**

डेंगु प्रकोपले जटिलता आउन सक्ने स्वास्थ्य विज्ञहरुले चेतावनी दिएका छन् । सरकारले डेंगु सार्ने लामखुट्टेको लार्भा नष्ट गर्न र जनचेतना अभियानचलाउन नसक्दा काठमाडौं उपत्यकासँगै देशभर प्रकोप देखिएको उनीहरु बताउँछन् । साउन महिनायता डेंगुको संक्रमणका कारण २१ जनाको मृत्यु भएको छ भने ७५ जिल्लामा डेंगु फैलिदा १७ हजार ५९४ जनामा संक्रमण पुष्टि भएको छ ।




सन् २०१९ मा १७ हजार ९ सय ९२ जना संक्रमित हुँदा ६ जनाको मृत्यु भएको थियो । त्यसबेला जम्मा ६८ जिल्लामा डेंगुका केस पुष्टि भएको थियो । अहिले ४ वर्ष पहिलेको भन्दा अझ बढ्ने देखिएको छ ।

हाल सबैभन्दा बढी बाग्मती प्रदेशमा १२ हजार ९७८ जना डेंगु संक्रमित भएका छन् । ४ वर्ष पहिले पनि लामखुट्टे नियन्त्रणमा चुक्दा डेंगुले लामो समयसम्म धेरै प्रभावित भएका इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्व निर्देशक डा. बाबुराम मरासिनी बताउँछन् ।

सरुवारोग विशेषज्ञ डा.शेरबहादुर पुनका अनुसार डेंगुले प्रकोप रुप लिनुभन्दा दुई महिना अगाडिदेखि लामखुट्टे नियन्त्रणमा तदारुकता दिइएको भए अहिलेको स्थिति आउने थिएन । अहिले सरकारले लामखुट्टे 'खोज र नष्ट गर' अभियान सुरु गरेको जनाएको छ । यद्यपि सरकारले दसौं हजार जना डेंगु संक्रमित हुँदा अभियानलाई अभियानका रुपमा सञ्चालन नगरेको स्वास्थ्यविज्ञहरुको भनाइ छ ।

सरकारले कोरोना महामारीमा जसरी मास्क,सेनिटाइजर र सामाजिक दुरी कायम गरौं अभियानलाई तीव्रता दिएको थियो त्यसै गरी डेंगु सार्ने लामखुट्टेको लार्भा नष्ट अभियान र जनचेतनालाई प्राथमिकता नदिएको सरुवारोग विशेषज्ञ डा. अनुप बास्तोलाको जिकिर छ ।

'लामखुट्टे खोज र नष्ट गर' अभियान घरघरमा संक्रमित हुनबाट जोगाउनु र वृद्धि विकासमा रोक लगाउनु भएपनि व्यवहार नउतारिएको उनीहरुको भनाइ छ । डा. मरासिनी भन्छन्, 'लामखुट्टे विशेष गरी काठमाडौं उपत्यकामा व्यापक रुपमा फैलिएको छ । लार्भा नष्ट गर्न भन्दै झाडीमा कतै कतै कहिलेकाहीँ धुवा उठाउँदैमा नष्ट हुँदैन । जबसम्म पानी जम्मा हुने सबै स्थानमा ध्यान दिइँदैन, तबसम्म नष्ट हुँदैन । संक्रमण बढिरहन्छ ।'

डा. बास्कोटाका अनुसार २०१९ मा लामखुट्टे केही स्थानमा मात्रै थियो । नयाँ बजार, सोह्रखुट्टे, कलङ्की, थानकोट वरपर डेंगु संक्रमित बढी थिए । डेंगु सार्ने संक्रमित लामखुट्टे धेरै थिएनन् तर, त्यतिबेला संक्रमण फैलिएको थियो । अहिले संक्रमित लामखुट्टे धेरै स्थानमा देखिएकाले सुरुवाती दिनदेखि नै संक्रमितको दर ह्वात्तै बढेको हुँदा सचेत नभए प्रकोपले जटिलता निम्त्याउन सक्छ ।

**कसरी हुन्छ डेंगु संक्रमित कम?**

स्कुलले बालबालिकामा धमाधम डेंगुको संक्रमण देखिन थालेको चिकित्सकहरु बताउँछन् । शिक्षण संस्थाहरु एकदुई दिन बन्द गरेर लामखुट्टे तथा लार्भालाई नष्ट गर्ने अभियान सञ्चालन गरी अध्यापन गराए डेंगु संक्रमित कम हुने डा. पुनको भनाइ छ ।

यस्तै, सरुवारोग विशेषज्ञ डा बास्तोलले पनि लामखुट्टेको मुख्य निसाना अर्थात् संक्रमित हुने घरबाहिर खुल्ला स्थानमा काम गर्ने श्रमिक बढी परेको बताउँछन् । त्यसैले सरकारले नागरिकलाई लामखुट्टेको टोकाइबाट कसरी जोगिने भनेर जानकारी दिनुपर्ने उनले बताए । यस्तै, भाडामा बस्नेहरु बढी संक्रमित भएको उनको भनाइ छ ।

डेरावालहरुले पानी जम्मा गरेर भाँडाहरुमा राख्छन् । प्रयोगका लागि जम्मा गरेर राखिएको सफा पानीमा डेंगु सार्ने लामखुट्टे बस्ने हुँदा उनीहरु संक्रमण हुने सम्भावना बढी रहेको उनको भनाइ छ ।

अहिले कार्यालय, विद्यालय, कलेज, मानिसको भीडभाड हुने व्यापारिक केन्द्रमा लामखुट्टे पुगेकाले एकपछि अर्को संक्रमित हुने क्रम जारी छ । एक जना संक्रमित निको हुन्छ, त्यही स्कुल, कलेज,भीडभाड हुने क्षेत्रबाट पुनः अर्को उपचारको लागि अस्पताल पुग्ने गरेको छन् ।

लामखुट्टे खोज र नष्ट अभियानलाई बेवास्ता गरिए आपतकाल घोषणा गर्ने स्थिति सिर्जना हुने डा. मरासिनी बताउँछन् । डेंगु संक्रमित भएका एक सय जनामध्ये १० जनामा मात्रै लक्षण देखिन्छ । लामखुट्टे र लार्भा बढी भएको ठाउँमा लक्षणविहीन डेंगुले संक्रमितलाई टोक्दा अन्य व्यक्ति संक्रमित हुँदा झन् समस्या उत्पन्न हुने उनले बताए ।

**तयारी शुन्य ?**

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार अझै डेढ महिनासम्म डेंगु केस देखिने भनिए पनि सो अनुसारको तयारी छैन । यस्तै,स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भवानीप्रसाद खापुङले स्वास्थ्य क्षेत्रसहित डेंगु नियन्त्रणका लागि भौतिक पूर्वाधार, शिक्षा तथा विज्ञान प्रविधि सहरी विकास तथा वातावरण, गृह मन्त्रालय लगायतका निकायहरुसँग सहकार्य गर्दै आएको जिकिर गर्छन् । सबैसँग सहकार्य गर्दै परीक्षण उपचारको प्रबन्ध गर्ने तथा चेतना अभिबृद्धि गर्ने, रोकथाम नियन्त्रणका लागि कार्य जारी राखेको उनको भनाइ छ ।

मन्त्री खापुङले त्यस्तो भने पनि हजारौं संक्रमित भैसक्दा 'लामखुट्टे खोज र नष्ट गर' अभियानले अभियानको रुप लिन नसकेको बरु लगातार बढ्दै गएको संक्रमित दरले देखाउँछ ।

डा. पुनका अनुसार डेंगु संक्रमित घरघरमा छन् । त्यसैले सरकारी आकडामा केस कम देखिएको छ ।

इडिसिडिको प्राविधिक सहयोग र डेंगुको संक्रमण कम गर्न प्रदेश, पालिका, वडा र स्वास्थ्य संस्थासँग समवन्य वकालत गर्ने कार्य भएको जनाएको छ । तर केन्द्र, प्रदेश र स्थानीय पालिकाविच समन्वयको अभाव हुँदा डेंगुले प्रकोपको रुप लिएको स्वास्थ्यकर्मीहरु बताउँछन् ।

'केही पालिका, वडा पदाधिकारीले एकदुई पटक मात्रै अभियान चलायौं भनेर भन्नु भएको छ,'इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अर्न्तगत कीटजन्य शाखाका प्रमुख डा. गोकर्ण दाहाल भन्छन्,'हामीले अझै डेढ दुई महिनासम्म डेंगुको प्रकोप देखिने भएकाले एकपटक मात्रै लार्भा नष्ट गरेर हुँदैन, हामी थाक्नु हुँदैन, लगातार अभियानमा जुट्न आह्वान गरिरहेका छौं ।'

केन्द्र तथा प्रदेश सरकारले जनचेतना तथा लार्भा नष्ट कार्य स्थानीय तहको जिम्मा हो भनेर बस्दा डेंगुले प्रकोपको रुप लिएको डा.मरासिनी बताउँछन् ।

**उपत्यकामा संक्रमण घट्ने**

सात प्रदेशमध्ये सबैभन्दा धेरै बागमती सबैभन्दा बढी संक्रमित छन् । सबैभन्दा धेरै बाग्मती प्रदेशमा १२ हजार ९४७ जना डेंगु संक्रमित भएका छन् । अब दसैंमा उपत्यका बाहिर जानेबाट संक्रमण बढ्ने भएकाले उपत्यकामा संक्रमितको दर कम हुने सरुवारोग विशेषज्ञ डा बास्तोला सुनाउँछन् ।

काठमाडौंबाट डेंगुका लक्षण देखिने र सार्ने लामखुट्टे देशका विभिन्न भागमा धेरै पटक पुग्ने भएकाले संक्रमणको जोखिम गाउँगाउँमा उच्च रहेको डा.मरासिनी बताउँछन् ।

**कुन सेरोटाइप ?**

१७ हजार बढी संक्रमित डेंगुको केस पुगेको छ । तर सरकारले नेपालमा संक्रमण भइरहेको डेंगु कुन हो भनेर पत्ता लगाउन सकेको छैन । सन् २०१६ मा सेरोटाइप वान तथा सन् २०१९ मा सेरोपाइप टु देखिएको थियो ।

हाल देखिएको डेंगु कुन सेरोटाइपको हो भन्नेबारे अध्ययन नै छैन । प्रमुख दाहालका अनुसारसातवटै प्रदेशका १० वटा अस्पतालबाट ५० वटा नमुना संकलन गरेर राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गरिनेछ । विश्व स्वास्थ्य संगठनलाई परीक्षणका लागि अनुरोध गरिएको उनको भनाइ छ ।

डेंगुको सेरोटाइप डेन १ देखि डेन ४ सम्म हुन्छ । हाल संक्रमण भएका व्यक्तिलाई अर्को प्रकोपको समयमा पनि संक्रमित हुन सक्ने डा. पुन बताउँछन् । पुन संक्रमित हुँदा अर्को सेरोटाइपले संक्रमण भएमा कडा खालको लक्षण देखिने उनको भनाइ छ । रातोपाटीबाट


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# गर्भवती र सुत्केरी स्याहारमा श्रीमानले केही गर्दैनन् वा समाजले देख्दैन ?

**प्रविण शर्मा**

जति सत्यता र यथार्थ आफ्नै कथामा हुन्छ त्यो अरुको कथामा हुदैन । अस्ति असोज ५ गते मात्रै सुत्केरी श्रीमतीलाई माइती र छोरीलाई मामाघर पठाएपछि नियमित अफिसको कामसँगै फुर्सदिलो समयमा आफ्नै ताजा अनुभव सेयर गर्दैछु । के सच्चिकै गर्भवती र सुत्केरी स्याहारमा श्रीमानले भूमिका निभाउँदैनन् वा निभाएको देखिदैन ? कि उनीहरुलाई त्यो मौका दिइँदैन ?

जब उनको प्रिग्नेन्सी टेस्ट पोजेटिभ आयो तब मलाई मेरो जिम्मेवारी बढेको अनुभव सोहि दिनबाट हुनथाल्यो । र यो हुनु स्वभाविक पनि थियो । घरपरिवारमा यो कुरा सुनायौं र त्यसपछिको दिनहरुका लागि सबैजना सबै तरिकाले तयार भयौं । सबै ठुला अस्पतालमा राम्रो सेवा हुन्छ र सबै साना अस्पतालमा केही सेवा हुँदैन भन्ने कुरामा मलाई विश्वास लाग्दैन । घर नजिकैको शिशुवा अस्पताल (पोखरा) मा उनको स्वास्थ्य परीक्षण गर्ने हामीले निर्णय लियौं । जब दिन-महिना बित्त्दै जान थाले उनको नियमित स्वास्थ्य जाँच गर्न लिएर जानुपर्ने समयमा किन किन म आफैं जानुपर्छ भन्ने लाग्थ्यो र नेपाल सरकारको नियमानुसार नियमित रुपमा गर्भवती जाँच गर्न हामी स्वास्थ्य संस्था गयौं पनि । उनको हरेक पटकको स्वास्थ्य जाँचको बेला म उनीसँगै उपस्थित थिए र त्यो बेला न मलाई कुनै लाज लाग्यो न कुनै अप्ठ्यारो लाग्यो । केही जाँचको बेला आफूलाई सोध्न र जान्न मन लागेका कुरा म चिकित्सक तथा नर्सिङ स्टाफलाई सोध्ने गर्थे । पहिलो गर्भवती जाँचको बेला नर्सिङ स्टाफसँगको कुराकानीमा उहाँले भनेको अझै सम्झन्छु 'सबै श्रीमान तपाइँ जस्तै भएको भए हरेक गर्भवती र सुत्केरीले राम्रो स्याहार पाउँथे' ।

नर्सिङ स्टाफले यो भनिरहँदा हामी कसरी भन्न सक्छौ कि हाम्रो समाजले पुरुषको भूमिकाको अपेक्षा गर्दैन भनेर ?

दिन-महिना बित्दै जाँदा,पेटमा बच्चा बढ्दै जाँदा उनलाई दिनप्रतिदिन असहजपन पनि बढ्दै थियो । घरपरिवारका अरु सदस्यले निभाएको आफ्नो कर्तब्य एक ठाउँमा र मैले आफू श्रीमान भएर निभाएको कर्तब्य अर्को ठाउँमा दुवैको आफ्नै महत्व हुनेगर्छ यो समयमा । गर्भवतीको आफ्नो दैनिकी त बदलिने भयो नै र सोसँगै मेरो आफ्नै दैनिकीमा पनि परिवर्तन आउन थाल्यो । बिहान बेलुका उनलाई केही समय हिडाउँन लाने, उनको दैनिकी काममा सहयोग गर्ने, आफ्नो अफिसको कामको व्यवस्थापन, लोकसेवाको तयारी जस्ता हरेक कामको मैले नयाँ तालिका बनाउन सुरु गरेँ। ढाड दुखेर रातभरी रोएर सुत्न नसक्दा मैले जानी-नजानी तेल लगाई गरिदिएको मसाज होस् वा रातको २ बजे खुट्टाको मासु फर्केर बोल्न खोज्दा आवाज नआएको क्षणमा मैले च्याप्प खुट्टा समाई गरिदिएको मसाज होस् ति सबै मेरो दिमागमा अझै ताजा नै छन् । यी सबैमा पुरुषको भूमिका छैन ? कि यी सबैलाई हाम्रो समाजले भूमिकाको रुपमा देखिँदैन ?

गर्भवतीको स्याहार गर्दागर्दै दुर्भाग्यबस म आफू कोभिड संक्रमित हुनपुगेँ । कोरोना महामारीको समय र रोगप्रतिको मानिसहरुको सोचले मलाई पनि आफूलाई केही हुन्छ कि भन्ने डर भन्दा पनि मबाट घरका अरुलाई सर्ने पो हो कि भन्ने डरले म छुट्टै कोठामा आइसोलेसनमा बस्ने निर्णय गरेँ । तर कताकता मलाई गर्भवती आमा र पेट भित्रको बच्चाको स्वास्थ्यको झन् धेरै डर लाग्न थाल्यो र केही समय उनलाई माइतीघर पठाउने सोच बनाएको मात्र के थिए झल्यास्स सम्झिए उतातिर पनि सबैलाई रुघाखोकी र ज्वरोले सताएको छ । त्यसपछि मैले उनलाई आफू ठिक नहुदासम्मको लागि गाउको घर पठाउने निर्णय गरेँ। जब उनि गाउँ गइन तब घरिघरि मलाई एक मनले लाग्न थाल्यो मैले यस्तो समयमा बेकार लोकसेवाको फारम भरेछु कि ? अफिसको काम गरौँ कि, लोकसेवा तयारी गरौँ कि, गर्भवतीको स्याहार गरौँ कि ? अर्को मनले सोचेँ आफ्नो जिम्मेवारीबाट भाग्नु भन्दा पनि समयको व्यवस्थापन गरी हरेक काममा आफ्नो क्षमताले सकेको भूमिका निर्वाह गर्नु नै मेरो आजसम्मको सफलताको उदाहरण हो भनेर यी सबै कुरालाई मैलेसँगै मिलाएर लाने निर्णय गरेँ । के आमा र बच्चाको स्वास्थ्यप्रति चासो राखी यसो गर्नुमा पनि म पुरुषको कुनै भूमिका देखिदैन ?

जति जति उनको शरीरमा परिवर्तन बढ्दै थियो उनलाई दिन प्रतिदिन झन्झन् अप्ठेरो हुँदैथियो । डेलिभरी हुन करिब २ महिना बाँकी हुँदा उनलाई फुड पोइजनिंङका कारण एक्कासी पखाला लाग्यो । यसो सोचे होइन यो ९ महिनामा के-के चाहिँ हुने रहेछ समस्या पनि ? पखाला सामान्य हुँदो हो त त्यो पनि म घरेलु उपचार र हेरचाहले ठिक गरिदिंदो हुँ । उनलाई अस्पताल भर्ना गर्नुपर्ने भयो । घरपरिवारले पालो पालो बिरामी कुर्ने हाम्रो चलनचल्ती त छ तर किन किन म आफैं उनलाई कुर्छु भन्ने निर्णय गरेँ । एक दिन अगाडी आफैलाई पत्थरी परेको रिपोर्ट आएको छ । आफ्नो आवश्यक सरसामान र आफैले खाने औषधि झोलामा राखी अस्पताल पुगेँ । एउटा बेडमा ७ महिनाको गर्भवती बिरामी श्रीमती अर्को कुरुवा बेडमा पत्थरीको आफै बिरामी कुरुवा । एकातिर १०-१० मिनेटमा उनलाई शौचालय जानुपर्ने अर्कोतिर पत्थरीको दुखाईको कारण न दायाँ फर्किन मिल्ने न बायाँ फर्किन मिल्ने गरी बेडमा सुतेको कुरुवा म । छेउको अर्को बेडमा एक दिनअघि शल्यक्रिया गरी बच्चा जन्माएकी आमा, बच्चा, श्रीमान र उनकी दिदि सासु थिए । सबै कुरा सबैलाई आउँछ भन्ने छैन तर दिदि सासूलाई आराम गर्ने समय दिएर बेला बेला सकी नसकी ति श्रीमानले आमा र बच्चाको निकै राम्रो स्याहार गर्ने प्रयास गर्दै थिए । ति पुरुष साथीलाई साथ दिँदै मैले भने जति सक्नुहुन्छ आफुले त्यति गर्नुस सकेको गर्नुपर्छ होइन भने फेरि तपाईलाई पनि खोइ पुरुष भन्ने प्रश्नको मुक्का आउछ हाम्रो समाजबाट। म अझैं झल्झल्ती सम्झिन्छु, ३६ घण्टा नरोकिएको त्यो पखाला, उनको आखामा आँशुसहित 'मलाई केही भए पनि मेरो बच्चालाई त केही हुदैन नि है ?' जस्ता भनाईले एकातिर मलाई आफ्नो दुखाई त सबै भुलाउथ्यो र आफू पनि बिरामी छु भन्ने नै बिर्सिन्थे । बिरामीलाई औषधिले मात्र होइन ठिक गर्ने, थप माया र हौसलाले पनि हो भन्ने कुरा पढेको थिए । आफ्नो पिडा आफैसँग राखी, तिमीलाई केही भएको छैन सब ठिक हुन्छ तिमी जस्तो बलियो मान्छेले यस्तो कुरा गर्ने हो त भन्दै उसलाई हौसला दिने म, भित्र भित्र मनमा भने अनेक प्रश्नले मुक्का हानिरहन्थ्यो । अघि भने जस्तै अस्पताल सानो हुँदैमा केही हुँदैन, त्यहाँ उपलब्ध सेवा, कार्यरत चिकित्सक र नर्सिङ स्टाफले के कसरी बिरामीको केयर गर्नुहुन्छ भन्ने कुरामा पनि बिरामीको रोग निको हुने कुरा भरपर्दछ । सोही अनुरुप ३६ घण्टापश्चात केही सुधारपछि थप आरामको लागि घर लगियो । के यसमा पनि हाम्रो समाजले पुरुषको कुनै भूमिका देख्दैन ?

डेलिभरीको लागि केही हप्ता मात्र बाँकी हुँदा अस्पताल जाँदाको तयारीको लागि आमा र बच्चाको लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री (हस्पिटल ब्याग)को व्यवस्था गर्न बजार तिर लागेँ र सबैकुराको तयारी गरेँ । आमा र बच्चालाई नयाँ लुगाको एलर्जी नहोस भनि सबै धोईसुकाई प्याकिङ गरेँ । अब उनी ४०औं हप्ताकी गर्भवती ।

'फलानो साथीको त यती दिन आगाडी डेलिभरी भयो नि! फलानो साथीको र मेरो चिकिस्तक ले दिएको मिति एकै दिन थियो उसको समयमै भयो तर मेरो आज समय पनि नाघ्यो ।'अब सुरु हुन थाले उसको चिन्ताका दिनहरु । उनको हरेक प्रश्नमा मेरो एउटा मात्रै उत्तर थियो 'सबै ठिक हुन्छ आत्तिनु हुँदैन चिन्ता नगर'। नियमित स्वास्थ्य जाँच गर्दा सबै कुरा ठिक भएका कारण हामी नर्मल डेलिभरीका तयारीमा थियौं । चिकित्सकले दिएको मितिले ५ दिन बढी भयो तर उनलाई ब्यथा लाग्ने कुनै संकेत देखिएन । कता कता मलाई फेरि एकपटक अल्ट्रासाउण्ड गरेर हेरौ भन्ने लाग्यो र चिकित्सकसँगको परामर्शमा भाद्र १० गते बिहान अल्ट्रासाउण्ड गर्ने अस्पताल गयौं । रिपोर्ट आएपछि थाहा भयो पानीको मात्रा धेरै कम भैसकेको रहेछ । करिब १ घन्टाको अन्तरालमा शल्यक्रिया गरेर बच्चा जन्माउने सबै तयारी पुरा भयो । उनलाई शल्यक्रिया कक्षमा भित्र लैजाँदै गर्दा मैले भने 'डाक्टर साप म पनि भित्र जान्छु प्लिज' एकछिन मुसुक्क हाँस्दै उहाँले जवाफ फर्काउनु भयो 'सरी सर' । उहाँको यस्तो उत्तर प्रति कुनै टिप्पणी नगरी शल्यक्रिया कक्षमा लगिने हरेक बिरामीको केश एकै किसिमको नभई फरक फरक हुन्छ र सो कक्ष भित्र बिरामीको आफन्त प्रवेश गर्दा हुनसक्ने अन्य केही सकारात्मक वा नकारात्मक परिणामको ख्याल गर्दै स्वास्थ्यकर्मीको टिमलाई शुभकामना दिंदै आफू बाहिर बस्ने निर्णय गरेँ । तर यहि लेखमार्फत म हरेक अस्पतालहरुलाई अनुरोध गर्न चाहन्छु कि डेलिभरी हुने कक्षमा हुनसक्ने हरेक अवस्थाको व्यवस्थापनको लागि राम्रो तयारी गर्नुहोस तर श्रीमानलाई पनि संगै भित्र जाने व्यवस्था कुनै हालतमा मिलाउनुहोस् । यो मेरो व्यक्तिगत रहर होइन आजको आवश्यकता हो ।

स्वास्थ्यकर्मीको टिमद्वारा शल्यक्रिया सफल भयो र हाम्रो परिवारमा लक्ष्मीको आगमन भएको खबर भित्रबाट आयो । करिब १८-२० मिनेटपश्चात नर्सिङ स्टाफले बधाई दिंदै छोरीलाई मेरो काखमा दिइन । लोकसेवाले लिएको परीक्षामा जनस्वास्थ्य अधिकृत ७ औ तहमा १ नम्बरमा नाम निकाल्न मेरो गुड लक बनेर जन्म लिएकी मेरी छोरीलाई मैले काखमा लिदै भने 'धन्यबाद मेरी गुड लक' । केही बेरमा अक्सिजनसहित बेहोस अवस्थामा आमालाई हरियो लुगामा स्ट्रेचरमा सुताई बाहिर ल्याईयो । आमालाई पोस्ट-अप रुममा लगियो । तर सबैको ध्यान बच्चा तिरै थियो । छोरीलाई घर-ससुराली तिरका परिवार सदस्यसँग छोडेर म पोस्ट-अप रुम तिर लागें र उनको स्वास्थ्य अवस्था बारे चिकित्सकसँग जानकारी लिए । उनको रगताम्य शरीर, शल्यक्रिया गर्दा दिइएको लठ्याउने औषधि को कारण कम्मर भन्दा तल नचल्ने शरीरको अवस्था र मुखमा लगाइएको अक्सिजन ।

बिस्तारै केही समयमा होस आउँदा सकी नसकी मेरो अनुहारमा हेर्दै उनको पहिलो प्रश्न थियो 'बाबु हो कि नानी ?' बोल्दा उनलाई झन् गार्हो हुने भएकोले मोबाइलमा छोरी लेखेर देखाएँ र नबोली थप आराम गर्न आग्रह गरेँ । २-४ दिन अस्पतालमै बस्नुपर्ने भयो र फेरि पनि म आफै कुरुवा बस्ने निर्णय गरेँ । आमा र बच्चा दुवै जनाको रेखदेख गर्नुपर्ने भएकोले मसँगै पालो पालो परिवारको अरु सदस्य पनि साथी बस्नुभयो । सुत्केरी आमा र बच्चालाई भेट्न आउने आफन्तहरुको भिड बढ्न थाल्यो । डेलिभरीपछि धेरै समय आमा-बच्चाको शरीर र स्वास्थ्य अरुभन्दा फरक र संवेदनशील हुन्छ भन्ने कुराको बिचार गरी आफन्तहरुलाई मास्क लगाएर मात्र आउन, आमाको धेरै नजिक नजान र सकेसम्म बच्चालाई काखमा नलिन आग्रह गरेँ । तर उहाँहरुको लागि खुसीको त्यो क्षणमा यो सबै कुरा आफूले बुझ्नु र अरुले बुझेर व्यवहारमा उतार्नुमा धेरै फरक हुँदो रहेछ । चौथो दिन हामी घर फर्कियौं र यो बीचमा अस्पताल परिवार, आफ्नो घर तथा ससुराली तिरको परिवारको सदस्यहरुको राम्रो साथ पाए । यहाँसम्म आउँदा के मैले हाम्रो समाजले अपेक्षा गरेको भन्दा फरक भूमिका निभाए ?

भर्खर सरकारी सेवा प्रवेश गर्दैगर्दा सरकारको नियम तथा आफ्नो आधिकार स्वरूप मैले १५ दिन प्रसूति स्याहार बिदा पाएँ । यो बिदा सुत्केरी आमा तथा बच्चाको स्याहरकै लागि हो भन्ने कुरामा मलाई राम्रो ज्ञान छ र म यसको सहि सदुपयोग गर्नुपर्छ भन्ने मान्यता राख्दछु । अस्पताल भन्दा घरमा केही सहज त हुन्छ तर घर जाँदैमा सबै सहज हुँदैन । रातिको समय भोकाएर बच्चा रुँदाको अवस्था एकातिर, आफ्नो शरीरको अवस्थाले सजिलै आमाले दुध चुसाउन नसक्दाको अवस्था अर्कोतिर । यी सबैलाई मैले नजिकबाट महसुस गर्ने मौका पाएँ । आमाको दुधमा बच्चालाई आवश्यक पर्ने सम्पूर्ण पोषणयुक्त तत्व हुने भएकोले सकेसम्म बच्चालाई बजारमा पाउने फर्मुला दुध भन्दा पनि आमाकै दुध खुवाउनुपर्छ र सोहीअनुसार आफूले सकेको र सक्ने जति तरिकाले आमालाई सजिलो बनाउँदै बच्चालाई दुध चुसाउन सहयोग गरेँ । तर आमाको दुधले बच्चाको भोक हराएन र २-२ घण्टाको फरकमा सकेजति आमाको दुधसँगै फर्मुला दुध खुवाउन मोबाइलमा अलाराम सेट गरे । शल्यक्रिया गरी बच्चा जन्माएको आमाले जति सक्दो धेरै आराम गर्नुपर्छ भन्ने कुरालाई स्मरण गर्दै उनको निद्रा नखल्बलियोस् भनि छोरीले दिसापिसाब गर्दै 'खुन खुन' गरेका हरेक समय र सोको व्यवस्थापनले मलाई हरेक क्षण नयाँ अनुभव दिलाएको थियो । अस्पताल हुँदा उनलाई दिइएको औषधिले होला सायद उनको खुट्टा झन् झन् सुनिन थाले । छोरीलाई सुताएर हट वाटर ब्यागले आमाको खुट्टा सेकिदिएँ । किचेनको केही काममा मम्मीलाई सघाउने र दिनभरी आमा र बच्चाको स्याहारमा सघाउने मेरो दिनचर्या हुन थाल्यो ।

डेलिभरीपश्चात कुनै दिन घाम नलाग्दा बच्चालाई घाममा देखाउन नपाउँदाको अवस्था र दुध नपुग्दा बच्चालाई बिस्तारै जन्डिस बढ्दै गयो । शिसुवा अस्पतालमा फोटोथेरापी मेसिन भएको तर बच्चाको डाक्टर नहुदा सो मेसिन प्रयोगमा नआएको जानकारीपश्चात घर आएको तेस्रो दिन फेरि बच्चालाई पश्चिमाञ्चल अस्पताल पोखराको एनआइसीयूमा फोटोथेरापीको लागि भर्ना गरियो । स्वास्थ्यचौकी हुँदै, प्राथमिक स्वास्थ्य केन्द्र र यहाँसम्म आएको हालको शिसुवा अस्पतालको व्यवस्थापन समितिलाई यहि लेखमार्फत मेरो अनुरोध छ धेरै स्थानीयको मन जित्न सफल यस अस्पतालको भविष्यको बारेमा राम्रो योजना बनाउन ढिलो नगरौँ । पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा रहँदा पनि चिकित्सक तथा स्वास्थ्यकर्मीको राम्रो सहयोग प्राप्त भयो। तर मनमा डर यो मात्र थियो कि बच्चालाई सन्चो हुदा हुँदा फेरि आमालाई कुनै समस्या नपरोस् । हामी यति स्याहार गर्दा त यस्तो समस्या पर्छ भने सोचौं त सुत्केरी आमा र बच्चालाई सामान्य सोचेर बेवास्ता गर्दा कति आमा र बच्चाको ज्यान जोखिममा पर्छ होला ? यस्ता प्रश्नले मलाई अस्पताल बस्दासम्म निद्रा नै परेन । यति गर्दा पनि के गर्भवती र सुत्केरी स्याहारमा पुरुष कतै देखिएन ?

३ दिनको अस्पताल बसाईपश्चात हामी घर फर्कियौं र फेरि सुरु भयो उही सुत्केरी स्याहारको दिनचर्या । राति खल्बलिएको निद्रा भोलिपल्ट दिउँसो आमा र बच्चा सुतेको बेला पुरा गर्ने प्रयास गरेँ स। दिउँसो भर्खर निदाउन लाग्दा भेट्न आउने आफन्तहरुमध्ये कसैले ढोकाबाट भन्नुभयो- 'ओहो अफिस पनि बिदा दिनभरी सुत्यो है कस्तो आनन्द यो छोरा मान्छेलाई त ।' यो सुन्ने बित्तिकै उठेँ तर केही जवाफ फर्काउन उचित ठानिनँ । हाम्रो समाजलाई मेरो प्रश्न, के सुत्केरीलाई समय समयमा खाने कुराको व्यवस्था गर्ने र सुत्केरी भेट्न आएका आफन्तलाई खाजा-फलफुलले सत्कार गर्ने काम मात्र सुत्केरी स्याहा मा पर्ने हो ? आज भन्न चाहन्छु हो, तपाईहरु जस्तैले होला सयाद सुत्केरी स्याहारमा हाम्रो समाजले पुरूषको भूमिका अपेक्षा गर्दैन भनेर समाजमा हल्ला फिजाउँदै हिड्ने ।

असोज ५ गते बिहान आमा छोरीलाई लिन ससुराली तिरबाट बाबा मम्मी आउनुभयो । आमा छोरीलाई गेटमा पुगेर बिदा गर्दैगर्दा मेरो मनमा फेरि एउटा प्रश्न आयो, 'के मेरो पुरुष, श्रीमान र बुवाको भूमिका सकियो ?' कि यो समाजले गर्भवती र सुत्केरी स्याहारमा पुरुषको भूमिका महशुस गर्नलाई मैले अझै केही गर्नुपर्ने थियो ? स्वास्थ्य खबरबाट


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# संविधान दिवसको अवसरमा १७ कैदी रिहा



**राजविराज**/संविधान दिवसको अवसरमा राजविराज कारागारका १७ जना कैदीहरु रिहा भएका छन् ।

रिहा हुनेमा संविधान सभा सदस्य सदरुल मियाँ हकको हत्यामा संलग्न रहेकी उनकी छोरी पनि छिन् । कर्तब्य ज्यान मुद्दामा ९ वर्षदेखी राजविराज कारागारामा रहेकी उनकी छोरी ३२ वर्षिया रुवेदा खातुन रिहा भएका हुन् ।

संविधानसभा सदस्य मियाँको २०७० साल जेठ ७ गते साविकको विषणपुरस्थित उनको आफ्नै पेट्रोल पम्पमा सुतिरहेको अवस्थामा हत्या भएको थियो ।

उनको हत्यामा छोरी रुवेदा समेतको संलग्नता प्रमाणित भएपछी सप्तरी जिल्ला अदालतलको २०७३ कार्तिक ३० गतेको फैसलाले २० वर्ष कैद ठहर भएको थियो ।

यस्तै सो संविधान दिवसकै अवसरमा कर्तब्य ज्यान मुद्दाका छिन्नमस्ता गाउँपालिका संतोष कुमार यादव, विरेन्द्र साह सोनार, राजविराजका रवी मण्डल धानुक र डाक्नेश्वरी नगरपालिकाका अशोक कुमार मण्डल रिहा भएको राजविराज कारागारका जेलर किशोर कुमार रामले जानकारी दिएका छन् ।

यस्तै कर्तब्य ज्यान मुद्दाकै हनुमाननगर कंकालिनी नगरपालिका निवासी सोनेलाल मण्डल, बोदे वरसाईन नगरपालिकाका सुरेश कुमार यादव र उदयपुर कटारी नगरपालिकाका ललित बहादुर माझी रिहा भएका छन् ।

यसैगरि सवारी ज्यान मुद्दाका रुपनी गाउँपालिका ६ का रंजित कुमार भगत, खडक नगरपालिकाका लक्ष्मी प्रसाद चौधरी, अग्नीसाईर कृष्णासवरण गाउँपालिका शम्भु मुखिया, कंचनरुप नगरपालिका अर्जून मण्डल, डाँका मुद्दाका राजविराज निवासी मो.अकबर र चोरी नकवजनी मुद्दाका सप्तकोशी नगरपालिका निवासी विशाल मुखिया र चन्दन मुखिया पनि रिहा भएको जेलर रामले जानकारी दिए ।


हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी



हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार





डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन



मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७



डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट),
हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


## अन्तर्राष्ट्रिय समाचार

### नाइजरमा भारी वर्षाका कारण १ सय ७९ जनाको मृत्यु

**नियामे**/नाइजरमा जुन महिनादेखि परेको अविरल वर्षाका कारण हालसम्म कुल १७९ जनाको मृत्यु भएको यहाँको नागरिक सुरक्षा महानिर्देशनालयले शुक्रबार जनाएको छ । माटोले बनाइएका घर वर्षाका कारण भत्किँदा धेरै नागरिकको मृत्यु भएको हो । यसैबीच मानवीयकार्य तथा विपद् व्यवस्थापन मन्त्रालयले गत साता जिन्डरस्थित अङ्गौल जुलुका जनतालाई १८५ बोरा चामल, १८५ बोरा कोदो र १६६ बोरा सिमीलगायतका खाद्यान्न सहयोग उपलब्ध गराएको जनाएको छ । सन् २०21 मा गर्मीको वर्षाले नाइजरमा ७७ जनाको मृत्यु भएको थियो भने २५०, ३३१ जना प्रत्यक्ष प्रभावित भएका थिए । एजेन्सी

### इक्वेडर प्रहरीद्वारा ३.५ टन कोकिन बरामद

**क्विटो**/ग्वायाकिलको बन्दरगाहमा गरिएको प्रहरी कारबाहीमा ३.५ टन कोकिन बरामद गरिएको इक्वेडोर प्रहरीले शुक्रबार जानकारी दिएको छ । सो परिमाणको कोकिन ८८ वटा सुटकेसमा प्याक गरिएको सो लागऔषध बेल्जियम पठाउँन लागिएको केराको कन्टेनरमा लुकाइएको अवस्थामा फ्काउ परेको इक्वेडोरका प्रहरी कमाण्डर जनरल भिक्टर जराटेले बताएका छन् । सन् २०२२ मा मात्रै इक्वेडरमा १४४ टन लागुऔषध बरामद गरिएको छ । इक्वेडरका राष्ट्रपति गुइलेर्मो लासोले आफ्नो देशमा लागुऔषधको तस्करी विरुद्धको लडाइँको घोषणा गरेका छन् । बुधवार संयुक्त राष्ट्रसङ्घ महासभामा आफ्नो भाषणमा लासोले लागुपदार्थको तस्करी विरुद्ध लड्न अन्तरराष्ट्रिय सहयोगको लागि आह्वान गर्दै “अन्तरराष्ट्रिय अपराधको लागि अन्तरराष्ट्रिय समाधान चाहिने,” कुरा उल्लेख गरेका छन् । एजेन्सी

### पाकिस्तानी प्रधानमन्त्रीद्वारा भारतसँग शान्तिको आह्वान

**अमेरिका**/पाकिस्तानी प्रधानमन्त्री सेहबाज सरिफले संयुक्त राष्ट्रसङ्घ महासभामा कश्मीर मुद्दा उठाउँदै भारतसँग आफ्नो देशले शान्ति स्थापनाको र शान्तिपूर्ण व्यवाहारको अपेक्षा गरेका छन् । “हामी भारतलगायत हाम्रा सबै छिमेकीसँग शान्ति खोज्छौं, दक्षिण एसियामा दिगो शान्ति, स्थिरता वाहेका छौँ तथापि यो कार्य भने जम्मू, कश्मीर विवादको न्यायपूर्ण र दिगो समाधानमा निर्भर रहन्छ,” उनले भने । भारत कश्मीरका सम्बन्धमा पुरानो केन्द्र शासित क्षेत्र भारतको अभिन्न अङ्ग हो भन्ने आफ्नो लामो समयदेखि अडानमा अडिग रहेको छ । “भारतले रचनात्मक सङ्लग्नताको लागि सक्षम वातावरण सिर्जना गर्न विश्वसनीय कदम चाल्नै पर्छ । हामी छिमेकी हौं र हामी सधैंभरि त्यहाँ छौं, हामी शान्तिमा बस्ने कि एकअर्कासँग लडिरहने भन्ने छनोट हाम्रो हो,” पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले महासभामा भनेका छन् ।

‘सन् १९४७ यता हामीले तीनवटा युद्ध गरिसकेका छौँ र त्यसको फलस्वरूप दुवै पक्षमा दुःख, गरिबी र बेरोजगारी मात्र बढेको छ । अब हाम्रा मतभेद, समस्या र तिनको शान्तिपूर्ण वार्ता र छलफलबाट समाधान गर्ने जिम्मा पनि हाम्रै हो । संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजित संयुक्त राष्ट्रसङ्घको ७७औं महासभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । प्रधानमन्त्री शेहबाज शरीफले देशमा भरखरै आएको विनाशकारी बाढी र त्यसले पारेको असरका बारेमा पनि सम्बोधन गरेका छन् । “यो बाढीमा ४०० भन्दाबढी बालबालिकासहित १५०० भन्दाबढी मानिसको मृत्यु भएको छ । बाढीका कारण थुप्रै कुपोषणको जोखिममा छन् । पाकिस्तानमा बाढीका कारण एक करोड ८० लाख अमेरिकी डलर बराबरको नोक्सानी भएको छ भने प्रकोपबाट झण्डै ८० लाख मानिस विस्थापित भएका छन् । एजेन्सी

### कम्बोडियामा डुङ्गा डुब्दा तीन चिनियाँको मृत्यु

**सिहानौकभिले**/कम्बोडियाको तटमा शनिबार डुङ्गा पल्टिँदा मृत्यु हुनेको सङ्ख्या बढेर तीन पुगेको छ । थप नौ जनालाई भियतनामी जलक्षेत्रबाट उद्धार गरिएको छ भने आठ जना अझै बेपत्ता छन् । एकचालीस जना चिनियाँ यात्रु बोकेको डुङ्गा बिहीबार सिहानोकभिलमा दुर्घटनामा परेको थियो । कम्बोडियाको प्रेह सिहानोक प्रान्तीय प्रशासनका प्रवक्ता खेआङ फेरोमले एएफपीलाई उद्धार टोलीले शनिबार थप दुई शव फेला पारेको र मृतकको सङ्ख्या तीन पुगेको बताएका छन् । आठ जना अझै बेपत्ता रहेको उनले बताए । कम्बोडियाली अधिकारीले शुक्रबार २१ जनाको उद्धार गरेका थिए । यसैबीच, किएन जियाङ प्रान्तको एन थोई स्टेशनमा डयुटीमा रहेका भियतनामी सीमा गार्डले एएफपीलाई फु क्वोक टापु नजिकै भियतनामी जलक्षेत्रमा शुक्रबार नौ चिनियाँ नागरिकलाई माछा मार्ने जहाजले उद्धार गरेको बताएका छन् । यसैबीच चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले घटनाबारे बेइजिङ कम्बोडियाली अधिकारीसँग नजिकको सम्पर्कमा रहेको बताएका छन् । एजेन्सी

# बिपत जोखिम न्युनिकरणका लागि आधारभुत उपचार तालिम सम्पन्न




**राजबिराज**/बाढी प्रभाबित क्षेत्रमा बिपत जोखिम न्युनिकरण र ब्यबस्थापन गर्नका लागि चार दिने आधारभुत प्राथमिक उपचार तालिम शनिबार सम्पन्न गरेको छ ।

कोशी पीडित समाजको आयोजनामा तथा युएसआईडीको सक्षम परियोजना र एलडब्लुआरको प्राबिधिक सहयोगमा सप्तकोशी नगरपालिका, हनुमाननगर कंकालनी नगरपालिका, तिलाठीकोईलाडी र कंचनरूप नगरपालिकाका समुदाय बिपत व्यबस्थापन कार्यदलका सदस्यहरूलाई सहजिकरण गरिएको हो ।

असोज ५ गतेदेखि संचालन भएको तालिममा बाढी प्रभाबित क्षेत्रमा जोखिम न्युनिकरण गर्न तथा बिपतको ब्यबस्थापन गरेर समुदायलाई सुरक्षित बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको कोशी पीडित समाजका निर्देशक देव नारायण यादबले जानकारी दिए ।

बिपतको जोखिममा रहेको बस्तीहरूमा प्राथमिक उपचार सम्बन्धी चेतनाको अभाव रहेकोले सक्षम परियोजनाले उक्त सुमदायको क्षमता अभिबृद्धिका लागि जोखिमवाट सजग र सुरक्षित हुनका लागि समुदायले आफै प्राथमिक उपचार गर्न सक्ने अभिप्रायले कार्यदलका सदस्यहरूलाई सहजिकरण गर्न लागिएको सक्षम परियोजना संयोजक श्रवण चौधरीले बताए ।

उक्त तालिममा रेडक्रसको प्राबिधिक सहयोगमा प्राथमिक उपचार सम्बन्धी सामग्रीहरूको ब्यबस्थापन र जोखिम न्युनिकरण सम्बन्धी कृतिम अभ्यास गरेको रेडक्रस सप्तरी उपमन्त्री तथा तालिमका प्रशिक्षक नरेश कुमार यादबले जानकारी दिए ।

तालिमको सहजिकरण रेडक्रस केन्द्रका राजु राउत, देवेश कुमार कार्की, दुखन यादब, बिनोद कुमार यादब, नरेश कुमार,यादब, सन्तोष साह, कबिता चौधरी, वसन्त चौधरी, देवकान्त मेहता लगायतले बिपत जोखिम न्युनिकरण गर्नका लागि कृतिम अभ्यास सहित सहजिकरण गरेको सक्षम परियोजना अधिकृत सुकदेव चौधरीले बताए ।

उक्त कार्यक्रममा सहभागी पप्पु चौधरीले बिपतको वेलामा घाईते र बिरामीहरूलाई कसरी प्राथमिक उपचार गर्न सकिने कुराहरूको बारेमा सिकेका सिपलाई प्रयोगमा ल्याउने जिकिर गरे ।

यसैगरी रेडक्रस सप्तरीका प्रतिनिधि तथा प्रशिक्षक दुखन यादबले जीवन उपयोगी तालिमको संचालनमा रेडक्रसले सहयोग गर्दै आएकोले बिपतको वेलामा सुमदायका सदस्यहरूको ज्यान बचाउनु कार्यदलका सदस्यहरूको ठुलो भुमिका हुने उल्लेख गरे ।

कार्यक्रममा ४८ जना सहभागी प्राथमिक उपचारकर्ताहरूलाई प्राथमिक उपचारका लागि झोला र प्रमाणपत्र प्रदान गरिएको कोशी पिडित समाजका महासचिव पार्वती चौधरीले बताईन ।

# अध्यक्ष ओलीलाई कालो झण्डा देखाउँदै युवाहरुद्वारा विरोध



**जनकपुर**/नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई शनिबार जनकपुरमा युवाहरुले कालो झण्डा देखाउँदै विरोध गरेका छन् ।

केपी ओली मधेशविरोधी नेता भएको भन्दै मधेश छोड्को नारा लगाउँदै ओलीविरुद्ध कालो झण्डा देखाइएको हो ।

जनकपुर विमानस्थलबाट जनकपुर( जयनगर रेल चढ्न जाने क्रममा उनलाई जसपा र एकीकृत समाजवादीका कार्यकर्ताले कालो झण्डा देखाउँदै नाराबाजी गरेका थिए । उनीहरुले ओलीले मधेशविरोधी गतिविधि गरेको र राष्ट्रपतिलाई ओलीले नै नागरिकता विधेयक पारित गर्न नदिएर देशमा द्वन्द निम्त्याउन खोजेको आरोप लगाएका छन् ।

धनुषाको विदेह नगरपालिकास्थित तीनकौरियामा पार्टी प्रवेश कार्यक्रममा जान ओली रेल चढेर महिनाथपुर स्टेशनसम्म रेल चढेर पुगेका छन् ।

यसअघि भदौ २७ गते जनकपुरमा आयोजित पार्टी प्रवेश कार्यक्रममा आउँदा नागरिकता विहीन युवाहरुको समूहले कालो झण्डा देखाएका थिए ।

जनकपुर विमानस्थलबाट ओली गाडीमा अगाडि बढ्न खोजेपछि नजिकै सडकमा कालो झण्डा लिएका युवाहरुले नाराबाजी गरेका थिए । सो क्रममा युवाहरु र प्रहरीबीच सामान्य झडप समेत भएको थियो ।

राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण नगर्नुमा नेकपा एमालेको मुख्य भूमिका रहेको भन्दै मधेशका विभिन्न जिल्लामा विरोध भइरहेको छ ।

# नहरमा डुबेर वेपत्ता युवकको मृत शरीर फेला

**राजविराज**/नगरमा डुबेर वेपत्ता भएका एक युवकको मृत शरीर मंगलबार फेला परेको छ ।

विश्वकर्मा बाबाको मूर्ती सेलाउने क्रममा गत आइतबार सप्तरीको विष्णुपुर गाउँपालिका ६ स्थित नहर किनारमा पहिचान खुल्न नसकेका अन्दाजी २५/२६ वर्षिय यूवकको मृत शरीर फेला परेको हो ।

नहर किनारमा उतानो परेको अवस्थामा शव देखेपछि स्थानियले प्रहरीलाई खबर गरेका थिए ।

नहरले बगाएको ती अपरिचित यूवकको सोही दिन प्रहरीले व्यापक खोजतलास गरेको थियो । तर, सो दिन फेला नपरेका उनको मृत शरीर भने मंगलबार घटनास्थलबाट दुईसय मिटर टाढा फेला परेको प्रहरी जनाएको छ ।

# सन् २०२५ मा मधेश प्रदेशमा पर्यटन वर्ष मनाउने

**राजविराज**/नेपाल एशोसिएशन अफ टुर्स एण्ड ट्राभल्स एजेन्ट (नाटा) मधेश प्रदेश समितिले सन् २०२५ मा मधेश प्रदेशमा पर्यटन वर्ष मनाउने जानकारी दिएको छ ।

शुक्रबार राजविराजमा आयोजित अन्तरक्रियामा नाटाका प्रदेश अध्यक्ष मोहन शर्मा लामिछानेले “घुमौं मधेश, बुझौं प्रदेश” मूल नाराका साथ मधेश प्रदेशमा सन् २०२५ लाई पर्यटन वर्षको रुपमा मनाउने जानकारी दिएका हुन् ।

उनले मधेशका आठ वटै जिल्लाका पाँच/पाँच वटा पर्यटक स्थलहरुलाई सम्वर्द्ध, संरक्षण र विकासका लागि नाटाले पहल सूरु गरेको जानकारी दिँदै पर्यटन वर्ष २०२५ मा तीनै स्थलहरुलाई प्राथमिकतामा राखेको बताए ।

नाटा गठन भएको तीन वर्ष बितिसक्दा पनि प्रदेश सरकारले पर्यटनको नाममा एउटा होडिङ बोर्ड समेत लगाउन नसकेको आरोप लगाउँदै उनले मधेश प्रदेशमा रहेका पर्यटन स्थल तथा त्यसको गनतव्य बारे समेत कुनै जानकारीबारे कार्य गर्न सकेको बताए ।

नाटा प्रदेश अध्यक्ष लामिछानेको अध्यक्षता तथा उद्योग बाणिज्य संघ मधेश प्रदेशका वरिष्ठ उपाध्यक्ष अरुण प्रधानको प्रमुख आतिथ्यमा सम्पन्न अन्तरक्रियामा नाटाका वरिष्ठ उपाध्यक्ष बिनोद कुमार चौधरी, उपाध्यक्ष हैदर अलि, महासचिव सुदर्शन काफ्ले, होटल तथा पर्यटन व्यवसायी संघ सप्तरीका अध्यक्ष शैलेश चौधरी, उपाध्यक्ष सम्पत कोइराला, उद्योग बाणिज्य संघ सप्तरीका उपाध्यक्ष, महासचिव अमृत संचेती, नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव लगायतका वक्ताहरुले पर्यटन व्यवसायीको उत्थानका लागि सम्भावित पर्यटकीय स्थलको उचित सम्वर्द्धन गर्न सबै एकजुट भएर लाग्नु पर्ने धारणा राखेका थिए ।

डेंगीबाट बचौं ।

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरू आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*